नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर

## २०७८ भाद्र महिनाको कार्यसम्पादन सम्बन्धी सार्वजनिक जानकारी-पत्र

वर्ष-२ अंक-२

## १. परिचय

संघीय सरकारले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरुप बाल अधिकारको संरक्षण र सम्वर्धनका कार्यहरु गर्न गराउनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाल अधिकार परिषद् गठन गरेको छ । यस परिषद्ले तिनै तहका सरकारहरुलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरु तथा बाल संरक्षण प्रणाली (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्दछ । बाल अधिकारको संरक्षण र सम्वर्धनका लागि प्रदेश तथा स्थानीय सरकारहरुसँग समन्वय, सहकार्य गर्नुका साथै संघीय तहमा अन्तरमन्त्रालय समन्वयका कार्यहरु गर्ने जिम्मेवारी यसै परिषद्को रहेको छ ।

## २. उद्देश्यहरू:


परिषद्को मुख्यमुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिकाको अधिकार तथा हक, हितको संरक्षण र सम्वर्धन गर्ने,
- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिका लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,
- राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढ र सवल बनाउन सहजीकरण गर्ने र बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि सरोकारवालाको क्षमता विकास तथा अभिवृद्धि गर्ने,
- बालबालिका खोजतलास निःशुल्क टेलिफोन नं. १०४ र बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ को सञ्चालन तथा व्यवस्थापन सहकार्य तथा सहजीकरण गरी हराएका, वेवारिस फेला परेका, जोखिममा परेका बालबालिकाको खोजतलास, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने,
- बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि वैदेशिक अनुदान सहायता समेत परिचालन गरी आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने र प्राथमिकताको आधारमा लक्षित कार्यक्रम तथा अभियान सञ्चालन गर्ने,
- बालबालिकासम्बन्धी सचेतना मूलक सन्देश जागरण अभिवृद्धिको प्रचारप्रसार र प्रकाशन गर्ने,
- बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने र बालबालिकाको अवस्था तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्ने ।

## ३. परिषद्ले २०७८ भाद्र महिनामा सम्पादन गरेका कार्यहरू

### बालसंरक्षण सम्बन्धी कार्यहरू

(क) परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ मार्फत देशभर यस महिनामा हराएका, उजुरी परेका ४२३ जना (बालक ९६ र बालिका ३२७) बालबालिकाको खोजतलास गरी २५३ जना (बालक ६३ र बालिका १९०) बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको छ भने १७० जना बालबालिका (बालक ३३ र बालिका १३७)को खोजतलास कार्य जारी रहेको छ । यस महिनामा प्रदेशगत रूपमा हराएका र हराएर फेला परेका बालबालिकाको विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यसका साथै यस आर्थिक वर्ष साउन महिनामा हराएको उजुरी परेका बालबालिका मध्ये ५७ (बालक १३ र बालिका ४४) जना थप फेला परी परिवारमा पुनःस्थापना गरिएको छ । त्यसैगरी वेवारिस अवस्थामा २८ जना (बालक ११ र बालिका १७) बालबालिका फेला परेका थिए । जसमध्ये १३ (बालक ५ र बालिका ८) जना बालिकालाई पारिवारिक पुनर्मिलन गरिएको छ भने १५ (बालक ६ र बालिका ९)जना बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ ।




(ख) यस महिनामा १९ (बालक १५ र बालिका ४) जना सडक बालबालिकाको उद्धार गरिएको छ । उद्धार गरिएका सबै बालबालिकालाई संस्थागत संरक्षणमा राखिएको छ भने गत आर्थिक वर्षमा सडकबाट उद्धार गरिएका बालबालिका मध्ये ५ जना बालकलाई भाद्र महिनामा परिवारमा पुनर्मिलन गरिएको छ ।

(ग) परिषद्ले विभिन्न १२ वटा सामाजिक संस्थाको सहकार्यमा सञ्चालित १८ वटा स्थानबाट बाल हेल्पलाईन नं. १०९८ मार्फत जोखिममा परेका बालबालिकाको उद्धार, व्यवस्थापन तथा सहयोग हुँदै आइरहेको छ । जस अनुसार बाँके ४, सुर्खेत १८, दैलेख २, उदयपुर ५, कालिकोट ६, सुनसरी ३, मोरङ्ग ४, काठमाडौंबाट २०, कैलाली ६, इलाम ३ र संखुवासभाबाट २ जना गरी कूल ७३ जना (बालक २५ र बालिका ४८) जोखिम, हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार गरिएका मध्ये ३१ बालबालिका (बालक ९ र बालिका २२)लाई परिवारमा पुनर्मिलन गरिएको छ । यस महिना ३२ जना (बालक १४ र बालिका १८)लाई अस्थायी संरक्षण सेवा केन्द्रमा राखिएको छ भने ९ जना (बालक १ र बालिका ८)लाई संस्थागत संरक्षणमा बस्ने व्यवस्था मिलाईएको छ । चालु आ.व.को भाद्र मसान्तसम्म कुल १२५६ जना बालबालिका (बालक ४३९ र बालिका ८१७)लाई निम्न लिखित सेवाहरू प्रदान गरिएको छः-

| क्र.स. | सहयोगको विवरण | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | स्वास्थ्य उपचार सहयोग | २१ | ७० | ९१ |
| २ | मनोसामाजिक मनोविमर्श | १०९ | २३६ | ३४५ |
| ३ | पारिवारिक परामर्श | १५६ | १७६ | ३३२ |
| ४ | अल्पकालिन आश्रय वा अस्थायी संरक्षण सेवा | ४० | ७७ | ११७ |
| ५ | कानूनी परामर्श | २२ | ९९ | १२१ |
| ६ | शैक्षिक सहयोग | २१ | ५३ | ७४ |
| ७ | आयआर्जन सहयोग | ० | ० | ० |
| ८ | बाल विवाह रोकथाम सहयोग | ६ | १९ | २५ |
| ९ | अन्य सहयोग | ६४ | ८७ | १५१ |
| | जम्मा | ४३९ | ८१७ | १२५६ |

(घ) काठमाडौं जिल्ला बुढानीलकण्ठ, कागेश्वरीमनहरा, चन्द्रगिरी, तारकेश्वर, गोकर्णेश्वर नगरपालिका र काठमाडौं महानगरपालिकाका १५ वटा बालगृहको स्थलगत अनुगमन गरिएको थियो जसमा ४१६ (बालक २७६ र बालिका १४०) जना बालबालिका संरक्षित रहेका छन् ।यी मध्ये २ वटा बालगृहलाई बालबालिका सम्बन्धी ऐन २०७५ तथा आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९ अनुरूप सञ्चालन नभएकोले संस्थामा रहेका बालबालिकाको परिवारको लेखाजोखा गरी आवश्यक सहयोग सहित पारिवारिक पूर्नस्थापना गर्ने र अभिभावक नभएका बालबालिकाको संरक्षण व्यवस्थापन गर्नका लागि परिषद्सँग समन्वय गर्नका लागि सुझाव दिईएको छ । भाद्र महिनामा परिवार तथा अभिभावक भएका बालबालिकालाई पारिवारिक लेखाजोखा गरी परिवारमा नै पुनर्स्थापना गर्ने कार्य अन्तर्गत परिषद्सँगको समन्वयमा परिवारमा फर्कने वातावरण भएका ३३ जना (२२ बालक र ११ बालिका) बालबालिकालाई बालगृहहरुले पारिवारिक पुनर्स्थापना गरेका छन्।

(ङ) बालश्रमबाट उद्दार भई भारतको मुम्बई स्थित बालगृहमा विगत ७ महिनादेखि रहेका रूपन्देही जिल्ला सुद्दोधन गाउँपालिका वडा नं ६ का १६ वर्षका बालकलाई परिषद्को समन्वय, भारतीय प्रहरी, स्थानीय तह, स्नेहा सदन भारत तथा आफन्त नेपाल भारत कार्यालयसँगको सहकार्यमा सकुशल स्वदेश फिर्ती गरी परिवारको जिम्मा लगाईएको छ ।

(च) भाद्र महिनामा राष्ट्रिय बाल अधिकार परिषद्को समन्वयमा बालबालिका खोजतलास समन्वय केन्द्र १०४, बालहेल्पलाइन १०९८, स्थानीय वडा र प्रहरी कार्यलय लगायतको सहकार्यमा विभिन्न स्थानबाट जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार गरी अस्थायी संरक्षण केन्द्रमा व्यवस्थापन गरिएका १३ (बालक ७ र बालिका ६) जना बालबालिकालाई सम्बन्धित परिवारको लेखाजोखा गरी पारिवारिक पुनर्मिलन गराइएको छ भने विभिन्न स्थानमा जोखिमपूर्ण अवस्थामा रहेका ५ (बालक ३ र बालिका २)जना बालबालिकालाई उद्धार गरी अस्थायी संरक्षणको प्रबन्ध गरिएको छ । यी बालबालिकाको व्यक्तिगत घटना विवरण र पारिवारिक अवस्था लेखाजोखा गरी दिर्घकालीन संरक्षणको लागि पहल गरिएको छ ।

## ४· समन्वय, अभिमूखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू

(क) मिति २०७८/५/२० र २१ गते उदयपुर जिल्ला रौतामाई गाउँपालिकामा बाल अधिकार समितिको आयोजना र राष्ट्रिय बाल अधिकार परिषदको सहजीकरणमा स्थानीय तहको बालबालिका सम्बन्धी कार्यविधि तथा रणनीतिक योजना सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न भएको छ। कार्यक्रममा गाउँपालिका अध्यक्ष, बाल अधिकार समितिका पदाधिकारीहरू समेत २० जनाको सहभागिता रहेको थियो ।



(ख) मिति २०७८।०५।२९ गते ५७ औं राष्ट्रिय बालदिवसको अवसरमा मोरङ्गको बुढीगंगा गाउँपालिकाको आयोजना, राष्ट्रिय बाल अधिकार परिषद्को सहजीकरण, बालबालिका खोजतलास केन्द्र १०४ र बालहेल्पलाईन १०९८ मोरङ्गको व्यवस्थापनमा १६ वर्षकी बालिका सुस्मिता ऋिषिदेवले गाउँपालिकाको एक दिन अध्यक्षको कार्यभार सम्हाल्नु भएको छ । गाउँपालिकाका अध्यक्ष श्री बालचन्द्र माझीबाट जिम्मेवारी प्रदान गरिएको पत्र हस्तान्तरण भए पछि पदभार ग्रहण र कार्यपालिकाको वैठक सञ्चालन, विद्यालय र स्वास्थ्य संस्था अनुगमन गरिएको थियो ।




(ग) मिति २०७८।०५।१८ गते राष्ट्रिय बाल अधिकार परिषद्, बालबालिका खोजतलास केन्द्र १०४ का प्रतिनिधिहरुद्वारा मोरङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री कोषहरी निरौलाज्यूसँग भेटघाट तथा राष्ट्रिय बाल अधिकार परिषद, बालबालिका खोजतलास समन्वय केन्द्रको सम्बन्धमा छलफल भई आगामी दिनमा यस कार्यका लागि सबैप्रकारका सहयोग र सहजीकरण गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । उक्त भेटघाटमा राष्ट्रिय बाल अधिकार परिषद् तथा बालबालिका खोजतलास केन्द्र १०४ मा खटिई आउनुभएका नेपाल प्रहरीको टिमको सहभागिता रहेको थियो ।



(घ) मिति २०७८।०५।०३ गतेका दिन सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशमा सञ्चालनमा रहेका बालहेल्पलाईन नं.१०९८ को आ.व.२०७७।०७८ को वार्षिक समीक्षा कार्यक्रम राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा सम्पन्न गरियो । उक्त समीक्षा कार्यक्रममा ७ वटा बालहेल्पलाईन सञ्चालक संस्थाहरुले वार्षिक प्रगति प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रममा सामाजिक विकास मन्त्रालय, सामाजिक विकास महाशाखाका प्रमुख सहित १७ जनाको सहभागिता रहेको थियो ।

(ङ) भाद्र महिनामा जिल्ला समन्वय समितिको आयोजना, राष्ट्रिय बाल अधिकार परिषद्को संयोजन र सहजीकरण तथा सेलर्ड र एक्प्याट लग्जम्बर्गको सहकार्यमा काठमाडौं र भक्तपुर जिल्लाका जिल्ला समन्वय समिति र १५ वटा स्थानीय तहका १३६ जनाको उपस्थितिमा स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह सम्बन्धमा तालीम सम्पन्न गरिएको छ । स्थानीय तहमा बाल अधिकार प्रणाली सुद्ढीकरण गर्ने उद्देश्यका साथ आयोजना गरिएको यस तालीममा घटना व्यवस्थापन, बैकल्पिक स्याहार, बालकल्याण अधिकारीको भूमिका, स्थानीय बालअधिकार समितिको भूमिका, बालबालिका सम्बन्धी कानूनी व्यवस्था, बालबालिका विरुद्ध हुने कसूर सम्बन्धी कानूनी र कार्यविधिगत व्यवस्थाहरु लगायतका विषयमा कार्यपत्र प्रस्तुतीकरण गरी स्थानीय तहमा बालबालिकाका विषयलाई पहिलो प्राथमिकतामा राखी कार्य प्रवाह गर्ने विषयमा समेत छलफल गरी प्रतिवद्धता व्यक्त गरिएको थियो ।

(च) भाद्र महिनामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका श्रीमान् सचिवज्यूको संयोजकत्वमा मन्त्रालयका सहसचिव, राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक तथा परिषद्का अन्य कर्मचारीहरु सहित बाल हेल्पलाइन १०९८ कालिकोट र सुर्खेतको अनुगमन गरी बालहेल्पलाइनको सेवाको प्रभावकारिता, घटनाको तत्काल सम्बोधन र पहुँच विस्तारको लागि आवश्यक निर्देशन प्रदान गरिएको छ । साथै जाजरकोट जिल्लामा बालसंरक्षण र बाल विवाहको अवस्था विषयक जिल्लास्तरीय अन्तर्क्रिया कार्यक्रम, बाल संरक्षणका घटना व्यवस्थापन, बैकल्पिक हेरचाह प्रदायक संस्थाहरुसँगको अन्तर्क्रिया कार्यक्रमको समेत सम्बोधन गरी साविकको महिला बालबालिका कार्यलयको भवनको निरीक्षण गरिएको थियो ।

(छ) मिति भाद्र २९ गतेका दिन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्को संयुक्त






आयोजनामा राष्ट्रिय बाल दिवस २०७८ विविध कार्यक्रमहरू गरी


मनाइएको थियो । यस वर्षको बाल दिवसको मूल नारा “सामान्य अवस्था वा कोभिड महामारी : बाल अधिकार संरक्षण हाम्रो जिम्मेवारी” रहेको थियो । कोभिड महामारीका कारण भर्चुअल माध्यमबाट आयोजना गरिएको बाल दिवसको कार्यक्रममा २०४ जनाको उपस्थिति रहेको थियो भने उक्त कार्यक्रमको अध्यक्षता महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री यामकुमारी खतिवडाज्यूले गर्नुभएको थियो । महिला तथा सामाजिक समिति प्रतिनिधि सभाको सभापति माननीय श्री निरुदेवी पालद्वारा व्यानर वाचन गरी शुभारम्भ गरिएको कार्यक्रममा सम्माननीय राष्ट्रपति र सम्माननीय प्रधानमन्त्रीज्यूको शुभकामना सन्देश वाचन गरिएको थियो । साथै यस अवसरमा बालबालिकाका माझमा “संघीय नेपालमा बाल अधिकार” विषयक भिडियो निर्माण प्रतियोगिता, सडक बालबालिकालाई खेल प्रशिक्षणसँग जोड्न राष्ट्रिय बाल अधिकार परिषद् र नेपाल रग्वी संघको संयुक्त आयोजनामा सडकदेखि रङ्गशालासम्म कार्यक्रमको शुभारम्भको जानकारी, मन्त्रालय र परिषद्ले बालबालिका सम्बन्धी गरेका कार्यक्रमको जानकारीका लागि पत्रकारहरूसँग अन्तर्क्रिया लगायतका कार्यक्रमहरू आयोजना गरी बाल दिवसको कार्यक्रम सम्पन्न गरिएको थियो ।


(ज) परिषद्ले सञ्चालन गरेको अनुशिक्षण पश्चात र निरन्तर स्थानीय तहको आफ्नो प्रयासमा हालसम्म बाल अधिकारको कार्यन्वयनका लागि १९० (प्रदेश नं. १ मा ६४, प्रदेश नं. २ मा १६, बागमति प्रदेशमा ६६, गण्डकी ८, लुम्बिनीमा १४, कर्णाली प्रदेशमा १६ र सुदूरपश्चिममा ६) वटा स्थानीय तहमा बाल संरक्षण कार्यविधि निर्माण गरी लागू गरिएको छ। यसैगरी १३३ (प्रदेश नं. १ मा २७, प्रदेश नं. २ मा ११, कर्णाली प्रदेशमा १६, बागमती प्रदेशमा ५६, गण्डकीमा ८, लुम्बिनी प्रदेशमा ८ र सुदूरपश्चिममा ७) वटा स्थानीय बाल अधिकार समिति गठन भएको छ । यसका साथै ५५ (प्रदेश नं. १ मा ८, प्रदेश नं. २ मा ९, बागमति प्रदेशमा २०, लुम्बिनी प्रदेशमा ४, गण्डकी ३, कर्णाली प्रदेशमा ११ र सुदूरपश्चिममा २) वटा स्थानीय तहमा बालकल्याण अधिकारी तोक्ने तथा नियुक्त गर्ने कार्य भएको छ भने विभिन्न विपद् र महामारीमा आपतकालीन उद्धार तथा सहायता प्रदान गर्नका लागि १४३ (प्रदेश नं. १ मा २७, प्रदेश नं. २ मा ७, बागमती प्रदेशमा ६३, गण्डकी प्रदेशमा ७, लुम्बिनी प्रदेशमा ९, कर्णाली प्रदेशमा ११ र सुदूरपश्चिममा ९) वटा स्थानीय तहमा बालकोष निर्माण गरी आवश्यकता अनुसार परिचालन भएको छ ।

## ५. कोभिड महामारी सम्बोधनका क्रममा सञ्चालित विशेष कार्यक्रम

क) कोभिड—१९ को महामारी शुरू भएदेखि २०७७ भाद्र ३१ गतेसम्म २० वर्षसम्मका ७२ हजार ८ सय ७७ जना बालबालिका (किशोरकिशोरी) प्रभावित भएको देखिएको छ भने १० वर्षसम्मका १८ हजार ६ सय ८६ जना बालबालिका (बालक १०८६५ र बालिका ७८२१) प्रभावित भएको देखिन्छ । कोभिडको पहिलो भेरियन्टका कारण ३८ जना र दोस्रो भेरियन्टका कारण ४६ गरी जम्मा ८४ जना बालबालिकाको कोभिडका कारण ज्यान गुमाउनु परेको छ । कोभिडका कारण प्रभावित बालबालिकाको तथ्याङ्क तलको ग्राफमा प्रस्तुत गरिएको छ ।








### सूचना व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी

(क) परिषद्ले सञ्चालन गरिरहेको बालबालिका सम्बन्धी ई-पोर्टल र विभिन्न पत्रपत्रिकामा प्रकाशनमा आएका २७ वटा बालबालिका सम्बन्धी समाचारहरू अद्यावधिक गरी सोको विश्लेषण गरिएको छ । यस सम्बन्धी विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यस अवधीमा विभिन्न सञ्चार माध्यममा आएका बालबालिकाको अधिकार उल्लंघन तथा हिंसा एवं जोखिम सम्बन्धी समाचारहरूको आधारमा

परिषद्ले सम्बन्धित निकायहरूसँगको समन्वयमा आवश्यकता अनुसार स्थानीय तह, प्रहरी प्रशासन, बाल हेल्पलाइन १०९८, बालबालिका खोजतलास केन्द्र (१०४), श्रम कार्यालय लगायतका सरोकारवाला निकायसँग समन्वय गरी घटना व्यवस्थापनमा सहजीकरण गरिएको छ ।




***राष्ट्रिय बाल अधिकार परिषद्को बालबालिका सम्बन्धी नीतियोजना तथा सञ्चालित , ,कार्यक्रमहरूको बारेमा थप सूचना जानकारीको लागिपरिषद्मा कार्यालय समयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।***

रामबहादुर चन्द
सूचना अधिकारी
राष्ट्रिय बाल अधिकार परिषद्
सम्पर्क नं (कार्यालय) ५५५०१२१-०१ .
९८४१३८६८७१ म)ो(.
इमेलः- ram@ncrc.gov.np, rambdrchand@gmail.com, contact@ncrc.gov.np
वेवसाइटः-www.ncrc.gov.np,
ई-पोर्टलः- www.childrights.gov.np
Facebook:-
https://www.facebook.com/ncrc.nepal.5,
https://www.facebook.com/ncrcnepalgov
Twitter:- https://twitter.com/ChildNcrc